# साप्ताहिक गतिविधि

वर्ष १ अङ्क ४ २०७६ फागुन ११ आइतबार


## सम्पादकीयः

### दादुरा रुबेला खोप अभियानको सान्दर्भिकता

कुनै बेला दादुरा रोग बाल महामारी रोगका रुपमा चिनिन्थ्यो । विषाणुका कारणबाट घाउ तथा ज्वरो बढी लाग्ने यो रोग अति संक्रामक हुने भएकाले नेपाल लगायतका देशहरुमा बालमृत्युदर बढाउने प्रमुख कारण भएकाले विश्व स्वास्थ्य संगठन दक्षिण पूर्वी एसियाको सेप्टेम्बर २०१९ को निर्णयानुसार सन् २०२३ सम्ममा दक्षिण पूर्व एसियाबाट दादुरा रुबेला रोग निवारण गर्ने निर्णय भए अनुसार नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट फागुन र चैत्र महिनामा २ चरणमा दादुरा रुबेला खोप अभियान सञ्चालन गर्ने घोषणा गरेको छ ।

यो अभियानमा ९ महिना देखि ५९ महिनासम्मका सम्पूर्ण बालबालिकाहरुलाई दादुरा रुबेला खोप लगाइने छ। साथै, विगतदेखि नियमित खोपमा छुट भएको बच्चाहरुको खोजी गरी खोप पूरा गराई यसै आ.व.मा सबै वडा, पालिका, जिल्ला, प्रदेशलाई पूर्ण खोप सुनिश्चित गर्ने समेत लक्ष्य रहेको छ ।

यो अभियानलाई प्रभावकारी बनाई टोलवस्ति, वडामा कुनै पनि बालबालिका नछुटेको सुनिश्चित र प्रमाणिकरण गरी वडा तथा पालिकाबाट प्रतिवेदन गर्नुपर्ने हुँदा कार्यक्रमलाई प्रभावकारी बनाउन भूमे गाउँपालिकाभर फागुन १ गतेदेखि १० गतेसम्म अभियान सुरु गरिएको छ । उक्त अभियानमा सहभागी हुन स्वास्थ्य स्वयंसेविका मार्फत निमन्त्रणा पनि पठाइएको छ । खोप दीर्घकालीन निरोधात्मक उपचार भएकाले सम्भावित जोखिमबाट बच्न र भविष्य सुरक्षित गराउने उपाय भएकाले गाउँपालिकाका सबै शिक्षक वुद्धिजिवी, जनप्रतिनिधि, कर्मचारी, क्लब, समूहर आम गाउँपालिकावासी जुटे मात्र यस अभियानको सार्थकता र सान्दर्भिकता देखिनेछ ।



**प्रकाशकः**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
५ नं. प्रदेश नेपाल

## नियमित मासिक स्टाफ मिटिङ सम्पन्न

*४ फागुन २०७६, खावाङबगर*

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका शाखा, इकाई र कार्यालयहरुले महिनाभर सम्पादन गरेका कामको समीक्षा, मासिक प्रगति प्रतिवेदन समीक्षा तथा नयाँ योजना सम्बन्धी आयोजना हुने नियमित मासिक स्टाफ मिटिङ अन्तर्गत माघ महिनाको समीक्षात्मक मिटिक फागुन ४ मा गाउँपालिकाको हलमा सम्पन्न भएको छ ।

अघिल्लो महिनाको कार्य प्रगतिको समीक्षा तथा आगामी महिनाको कार्यसम्पादनका लागि हरेक महिनाको ४ गते भूमे गाउँपालिकाको आयोजनामा गाउँ कार्यपालिकाको कार्यालयमा नियमित मासिक स्टाफ मिटिङ बस्ने गर्दछ । स्टाफ मिटिङमा कर्मचारीहरुले कार्यस्थलमा काम गर्दा आइपरेका समस्या र तिनको समाधानका विषयमा सामूहिक छलफल गरी समाधानको उपाय पत्ता लगाइन्छ । साथै, हरेक शाखा प्रमुख तथा कार्यालयको प्रशासनिक प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष मासिक रुपमा सम्पादन गरेको कामको विवरण, नवीनतम् प्रयास र आगामी महिनामा सम्पादन गरिने कामको योजना प्रस्तुत गर्नुपर्दछ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत उपेन्द्र यादवको अध्यक्षतामा भएको नियमित मासिक स्टाफ मिटिङमा पहिलो चरणमा स्वास्थ्य शाखाका हेल्थ इन्चार्ज सञ्जिव खड्का सहित सबै ११ वटा स्वास्थ्य संस्थाहरुको प्रमुखहरुसँग मासिक प्रगतिका बारेमा समीक्षा गरिएको थियो भने दोस्रो चरणमा यादवकै अध्यक्षतामा गाउँपालिका अन्तर्गतका सबै शाखा तथा वडा कार्यालयहरुका प्रशासनिक प्रमुखहरुसँग मासिक कार्ययोजना, प्रगति समीक्षा तथा समस्या समाधानमूलक छलफल भएको थियो ।

## प्रधानाध्यापकहरुका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न



*७ फागुन २०७६, खावाङबगर*

भूमे गाउँपालिका अन्तर्गत शिक्षा, युवा तथा खेलकूद शाखाको आयोजनामा भूमे गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरका लागि कार्यक्रम तथा विनियोजित बजेटसम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम भूमे गाउँपालिकाको सभाहलमा सम्पन्न भएको छ। कार्यक्रममा ३३ वटा सामुदायिक विद्यालयहरु मध्ये ३१ विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधि शिक्षकहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम आर्थिक वर्ष २०७६/०७७ मा शिक्षातर्फ गाउँपालिका र नेपाल सरकारको सशर्त अनुदानमा हस्तान्तरिक कार्यक्रम तथा विनियोजित बजेटका सम्बन्धमा शिक्षा अधिकृत (छैटौं) कौशल कुमार तिवारीले जानकारी गराउनुका साथै नमूना विद्यालय निर्माणमा सरोकारवालाहरुको भूमिका विषयमा समेत प्रस्तुतिकरण र छलफल भएको थियो ।



कार्यक्रममा सहभागीहरुलाई स्वागत गर्दै शिक्षा, यूवा तथा खेलकूद शाखाका प्रमुख कौशल कुमार तिवारीले स्थानीय श्रोत/साधनलाई यथेष्ट उपयोग गरी अधिकतम् उपलब्धि हासिल गरी सबैको हातेमालोबाट भूमेलाई शैक्षिक हबको रुपमा विकास गर्नेतर्फ केन्द्रित हुनु पर्नेमा जोड दिनुभयो। कार्यक्रमका अध्यक्ष एवं भूमे गाउँपालिकाका




अध्यक्ष रामसुर बुढा मगरले शिक्षा क्षेत्रमा विगतदेखि नेपाल सरकारले धेरै लगानी गर्दै आइरहेको भएता पनि भूमे गाउँपालिकाको शैक्षिक गुणस्तर चित्त बुझ्दो नभएकाले चुनौतिपूर्ण क्षेत्र हुँदाहुँदै आफ्नो पदभार ग्रहणका अवसरमा सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम गर्ने विषयमा पहिलो निर्णय गरेको बताउनुभयो । "शिक्षामा गुणस्तर हुनु भनेकै मानव विकासको सूचाङ्कमा माथि उक्लन अन्य दुई सूचकलाई समेत सहयोग पुग्ने भएकाले गाउँपालिकाले शिक्षा क्षेत्रको सुधार र गुणस्तर निर्धारणमा विशेष प्राथमिकताका साथ पहिलो वर्ष सुन्ने, दोस्रो वर्ष भन्ने र तेस्रो वर्ष हान्ने रणनीति बमोजिम विद्यालयहरुमा जनशक्ति तथा आधारभूत पूर्वाधारको व्यवस्था गरिसकिएको र यस वर्ष सुधार गर्न भन्ने वर्षमा रहेर सुझाव दिइरहेको छ, सुधार नभएमा अर्को वर्ष हान्ने अर्थात विद्यालय, प्रधानाध्यापक र शिक्षक तथा अभिभावकहरुलाई नियमानुसार कारबाही गरिनेछ। यो स्थिति आउनुहुन्न" उहाँले जोड दिनुभयो ।

गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरको अध्यक्षातामा सञ्चालित कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मनकुमारी बुढा विष्ट, प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ, प्रशासन अधिकृत छैटौं प्रेम प्रसाद भट्टराई, शिक्षा अधिकृत छैटौं कौशल कुमार तिवारी र भूमे गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा कार्यरत प्रधानाध्यापक एवम् प्रतिनिधि शिक्षकहरुको उपस्थिति रहेको थियो। कार्यक्रमका सन्दर्भमा उठेका जिज्ञासाहरुको सहजीकरण शिक्षा अधिकृत छैटौं कौशल कुमार तिवारीले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन प्रशासन अधिकृत छैटौं प्रेम प्रसाद भट्टराईले गर्नुभएको थियो ।

## प्रधानाध्यापकहरुका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न



*७ फागुन २०७६, खावाङबगर*

भूमे गाउँपालिका अन्तर्गत शिक्षा, युवा तथा खेलकूद शाखाको आयोजनामा भूमे गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरका लागि कार्यक्रम तथा विनियोजित बजेटसम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम भूमे गाउँपालिकाको सभाहलमा सम्पन्न भएको छ। कार्यक्रममा ३३ वटा सामुदायिक विद्यालयहरु मध्ये ३१ विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधि शिक्षकहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम आर्थिक वर्ष २०७६/०७७ मा शिक्षातर्फ गाउँपालिका र नेपाल सरकारको सशर्त अनुदानमा हस्तान्तरिक कार्यक्रम तथा विनियोजित बजेटका सम्बन्धमा शिक्षा अधिकृत (छैटौं) कौशल कुमार तिवारीले जानकारी गराउनुका साथै नमूना विद्यालय निर्माणमा सरोकारवालाहरुको भूमिका विषयमा समेत प्रस्तुतिकरण र छलफल भएको थियो ।






कार्यक्रममा सहभागीहरुलाई स्वागत गर्दै शिक्षा, यूवा तथा खेलकूद शाखाका प्रमुख कौशल कुमार तिवारीले स्थानीय श्रोत/साधनलाई यथेष्ट उपयोग गरी अधिकतम् उपलब्धि हासिल गरी सबैको हातेमालोबाट भूमेलाई शैक्षिक हबको रुपमा विकास गर्नेतर्फ केन्द्रित हुनु पर्नेमा जोड दिनुभयो। कार्यक्रमका अध्यक्ष एवं भूमे गाउँपालिकाका अध्यक्ष रामसुर बुढा मगरले शिक्षा क्षेत्रमा विगतदेखि नेपाल सरकारले धेरै लगानी गर्दै आइरहेको भएता पनि भूमे गाउँपालिकाको शैक्षिक गुणस्तर चित्त बुझ्दो नभएकाले चुनौतिपूर्ण क्षेत्र हुँदाहुँदै आफ्नो पदभार ग्रहणका अवसरमा सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम गर्ने विषयमा पहिलो निर्णय गरेको बताउनुभयो । "शिक्षामा गुणस्तर हुनु भनेकै मानव विकासको सूचाङ्कमा माथि उक्लन अन्य दुई सूचकलाई समेत सहयोग पुग्ने भएकाले गाउँपालिकाले शिक्षा क्षेत्रको सुधार र गुणस्तर निर्धारणमा विशेष प्राथमिकताका साथ पहिलो वर्ष सुन्ने, दोस्रो वर्ष भन्ने र तेस्रो वर्ष हान्ने रणनीति बमोजिम विद्यालयहरुमा जनशक्ति तथा आधारभूत पूर्वाधारको व्यवस्था गरिसकिएको र यस वर्ष सुधार गर्न भन्ने वर्षमा रहेर सुझाव दिइरहेको छ, सुधार नभएमा अर्को वर्ष हान्ने अर्थात विद्यालय, प्रधानाध्यापक र शिक्षक तथा अभिभावकहरुलाई नियमानुसार कारबाही गरिनेछ। यो स्थिति आउनुहुन्न" उहाँले जोड दिनुभयो ।

गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरको अध्यक्षातामा सञ्चालित कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मनकुमारी बुढा विष्ट, प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ, प्रशासन अधिकृत छैटौं प्रेम प्रसाद भट्टराई, शिक्षा अधिकृत छैटौं कौशल कुमार तिवारी र भूमे गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा कार्यरत प्रधानाध्यापक एवम् प्रतिनिधि शिक्षककहरुको उपस्थिति रहेको थियो। कार्यक्रमका सन्दर्भमा उठेका जिज्ञासाहरुको सहजीकरण शिक्षा अधिकृत छैटौं कौशल कुमार तिवारीले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन प्रशासन अधिकृत छैटौं प्रेम प्रसाद भट्टराईले गर्नुभएको थियो ।

## उपभोक्ता तथा व्यापारी वर्गमा भूमे गाउँपालिकाको अपिल!

१) कारोबारस्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान किन्ने गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना र वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।

३) उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

४) औषधी तथा औषधिजन्य पदार्थहरको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

५) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

६) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

७) कमसल उपभोग्य वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा गाउँपालिका वा सम्बन्धित जिल्ला क्षतिपूर्ति समितिमा उजुरी गरौं ।

८) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा यस गाउँपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता संरक्षण विभागमा उजुरी गरौं ।

९) व्यवसाय दर्ता गरेको व्यवसायसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

१०) उपभोक्ता हित विपरित हुने कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं ।

## टोल विकास संस्थाहरुलाई खानेपानी तथा सरसफाई तालिम




भुमे गाउँपालिका वडा न ७ धर्मशालाको आर्थिक सहयोग र रुकुमेली समाज बिकास केन्द्र रुकुमको प्राबिधिक सहयोग मा विभिन्न टोल बिकास संस्थाहरुलाइ खानेपानी तथा सरसफाइ सम्बन्धि १ दिने तालीम सम्पन्न भएको छ । पुर्ण सरसफाइ सुधारोन्मुख वडा घोषणा गर्न टेवा पुगोस् भन्ने उदेश्य ले तालिम को आयोजना गरिएको हो । तालिममा खानेपानी मुहानको संरक्षण , खानेपानीको महत्त्व ,खानेपानी को सुदृढीकरण , सरसफाइका ७ सुचक टोल बिकास संस्थाको काम कर्तव्य र हक अधिकार लगाएतको बारेमा प्रष्ट पारिएको थियो । उक्त तालिममा टोल बिकास संस्थाका अध्यक्ष , सचिव ,कोषाध्यक्ष , सहसचिव ,उपाध्यक्ष र सदस्यहरुको ४० भन्दा बढीको सहभागिता रहेको थियो । तालिमको प्रशिक्षण रुकुमेली समाज बिकास केन्द्रद्वारा संचालित खानेपानी तथा सरसफाइ कार्यक्रमका वास अधिकृत संगम देबकोटाले गर्नु भएको थियो ।



## विभिन्न समूहहरुलाई खानेपानी तथा सरसफाई तथा स्वच्छता अभिमुखीकरण




भुमे गाउँपालिका वडा न 6 धर्मशालाको आर्थिक सहयोग र रुकुमेली समाज बिकास केन्द्र रुकुमको प्राबिधिक सहयोग मा विभिन्न समुहलाइ खानेपानी तथा सरसफाइ सम्बन्धि 1 दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । वडा सदस्य राम कुमारी सुनारको अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न आमा समूह , कृषि समुह , युवा समूह , महिला समुह लगाएत 40 जनाको सहभागिता रहेको थियो । अभिमुखिकरण कार्यक्रममा खानेपानी मुहानको संरक्षण , खानेपानीको महत्त्व खानेपानी को सुदृढीकरण , सरसफाइका 7 सुचक लगाएतको बारेमा प्रष्ट पारिएको हो । अभिमुखिकरण कार्यक्रमको प्रशिक्षण रुकुमेली समाज बिकास केन्द्रद्वारा संचालित खानेपानी तथा सरसफाइ कार्यक्रमका वास अधिकृत संगम देबकोटाले दिएको बताइएको छ ।

# सातामा शाखा तथा कार्यालयहरुबाट सम्पादन भएका कामको विवरण

| शाखाकेन्द्र/इकाई/ | *मुख्य मुख्य कामको विवरण* |
|---|---|
| **आर्थिक प्रशासन शाखा** | • *लावाङ खानेपानी आयोजनाको रकम भुक्तानी ।*<br>• *बैठक सञ्चालन तथा व्यवस्थापन र प्र.अ.हरुका लागि अभिमुखीकरण कार्यक्रमको पेश्की भुक्तानी ।* |
| **सामाजिक विकास शाखा** | |
| क) स्वास्थ्य इकाई | • *राष्ट्रिय खोप कार्यक्रम दादुरा-रुबेला खोप अभियानमा स्वास्थ्य चौकी मोराबाङ अन्तर्गत सिमा खोप केन्द्र अनुगमन ।*<br>• *DHIS २ अन्तर्गत ६ वटा स्वास्थ्य संस्थाहरुको तथ्याङ्क अद्यावधिक गरिएको ।*<br>• *लुकुममा आधारभूत स्वास्थ्य सेव केन्द्रको भवन निर्माणका लागि जग्गा छनौट, रेखदेख तथा अनुगमन ।*<br>• *Roving ANM भर्ना सम्बन्धी सूचना प्रकाशित गरिएको ।*<br>• *ल्याव सामाग्रीको लागि लागत अनुमान तयार पारिएको ।*<br>• *धर्मशाला र मोरबाङ स्वास्थ्य चौकीमा रिक्त रहेको अ.न.मी. पदको लिखित मौखिक परीक्षा सञ्चालन गरी नजिता प्रकाशित गरिएको ।* |
| ख) महिलाबालबालिका , तथा समाज कल्याण इकाई | • *जनशक्ति नभएको* |
| ग) सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई | • *वडा नं १ देखि ८ सम्म बसाईसराइको ईन्ट्री सकिएको*<br>• *विवाहदर्ताको वडा नं. १ र २ ईन्ट्री सकिएको* |
| **पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा** | |
| क) भवन तथा मापदण्ड कार्यान्वन इकाई | • *घर सम्पन्न सिफारिसका लागि निवेदन दर्ता भई नपुग काजगात माग गरिएको । हाल प्रकृयामा* |
| ख) सडक तथा अन्य पूर्वाधार विकास इकाई | • *झुम्लाबाङ ठूलो गाउँ राङ्सी सडकको मूल्याङ्कन*<br>• *सिमा झुम्लाबाङ खाबाङबगर सडक मर्मत सर्वे स्टिमेट*<br>• *स्वास्थ्य चौकी झुम्लाबाङ घेराबार स्टिमेट*<br>• *वडा नं. ९ अन्तर्गतका आयोजनाहरुको सर्वे*<br>• *वडा नं. ४ र ५ मा सम्पन्न आयोजनाहरुको स्थलगत नाप, तथ्याङ्क संकलन*<br>• *४ वटा सडकहरुको बोलपत्र आव्हान गरिएकोक* |
| ग) वातावरणसरसफाई , तथा विपद् व्यवस्थापन इकाई | • |

| प्रशासन योजना तथा अनुगमन शाखा, | |
|---|---|
| क) प्रशासन इकाई | • *अनाथ बालबालिकाको तथ्याङ्क संकलन कार्यक्रम भई सम्बन्धित निकायमा सिफारिश गर्ने काम भइरहेको,*<br>• *बाल क्लबकृषि समूह लगायतका अन्य समूहको तथ्याङ्क ,आमा समूह संकलन कार्य सम्पन्न भएको ,* |
| ख) राजस्व इकाई | • *गाउँ कार्यपालिकाको कार्यलियबाट विभिन्न सेवा बापत रु.३,५००।— राजस्व आम्दानी ।* |
| ग) योजना तथा अनुगमन इकाई | • *३ वटा योजना सम्झौता भएको ।* |
| घ) कानूनी मामिला इकाई | • |
| **शिक्षा, यूवा तथा खेलकूद शाखा** | |
| | • *दोस्रो चौमासिक शिक्षण तलबभत्ता प्रमाणित गर्ने कार्य सम्पन्न ।*<br>• *कक्षा-८ को रजिष्ट्रेशन फाराम १२ वटा विद्यालयको संकलन र बाँकी २२ वटा विद्यालयलाई फागुन १२ गते सम्म बुझाउने भनी सूचना गरिएको ।*<br>• *चालु आ.व.को शिक्षा क्षेत्रमा विनियोजित वजेट तथा कार्यक्रम अन्तर्गतको प्र.अ. १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न ।*<br>• *यस गा.पा. अन्तर्गत सामुदायिक विद्यालयका प्र.अ.हरुलाई "विद्यालय व्यवस्थापन" छलफल तथा अन्तर्किया बैठक सम्पन्न ।*<br>• *मिति २०७६/११/११ र १२ गतेका लागि यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी २ दिने तालिमबारे सूचना जारी गरिएको ।* |
| **प्रधानमन्त्री रोजगार कार्यक्रम** | • *२४० जना बेरोजगार व्यक्तिहरु मध्ये* ***Employment Management Information System*** *मा १३९ जनाको प्रविष्ट कार्य सम्पन्न (वडा नं. ३ र ९ बाट विवरण आउन नसकेको)* |
| **सूचना तथा अभिलेख इकाई** | • *मन्त्रालय, विभाग तथा अन्य कार्यालयबाट प्राप्त पत्र, परिपत्र तथा सूचनाहरु सम्बन्धी पदाधिकारी/कर्मचारी तथा शाखाहरुमा पेश*<br>• *वेभसाईट अद्यावधिक भएको*<br>• *गणकहरुलाई फोन मार्फत फलोअप गरिएको* |
| **कृषि सेवा केन्द्र** | • *आरी ३, चक्कु २ र सिकेचर ३ वितरण*<br>• *२५ हलुवावेद र २ किवी फलफूल वितरण* |
| **पशु सेवा केन्द्र** | • *भूमे गाउँपालिका वडा नं.६ मा गाईपालन समुह गठन ।*<br>• *विभिन्न ३८ वटा पशुको उपचार ।* |
| **वहुक्षेत्रीय पोषण योजना कार्यक्रम** | • *नभएको* |

| | |
|---|---|
| **खानेपानी तथा सरसफाई योजना (वास) इकाई** | • *हालसम्म ११३० घरधुरीको डाटा संकलन भएको,*<br>• *त्यस्तै ५ मुहानको* **mWater** *मार्फत डाटा संकलन भएको,*<br>• *१८ खानेपानी तथा सरसफाईको* **mWater** *मार्फत डाटा संकलन भएको,*<br>• *सबै वडाका गणकहरुलाई फोन गरी तथ्याङ्क संकलन शीघ्र गर्न तथा नबुझेको सोधन समन्वय भैरहेको* |
| **वडा नं. १** | • *भुक्तानी सिफारिश ३, घरभाडा सिफारिश २, मृत्यु प्रमाणिकरण २, नाता प्रमाणित २, अंशवण्डा सिफारिश १*<br>• *स्वास्थ्य भवनका लागि आम भेला र जग्गा हेर्ने काम सम्पन्न* |
| **वडा नं. २** | • *भुक्तानी सिफारिश, घटना दर्ता ,*<br>• |
| **वडा नं. ३** | • *विवरण प्राप्त नभएको* |
| **वडा नं. ४** | • *विवरण प्राप्त नभएको* |
| **वडा नं. ५** | • *विवरण प्राप्त नभएको* |
| **वडा नं. ६** | • *विवरण प्राप्त नभएको* |
| **वडा नं. ७** | • *जन्मदर्ता २, मृत्यु दर्ता १, जन्मदर्ता प्रतिलिपी १, नाता प्रमाणित २, जन्ममिति प्रमाणित १, मृत्यु दर्ता प्रमाणित १, अन्य प्रमाणित २* |
| **वडा नं. ८** | • *विवरण प्राप्त नभएको* |
| **वडा नं. ९** | • *योजना सम्झौता सिफारिश १, विवाह दर्ता १, जन्म दर्ता ४, राजस्व आम्दानी ४००।-* |

**अपाङ्गता हुनु कुनै पूर्वजन्मको कर्मको फल वा अभागी केही पनि होइन।**
**सपाङ्ग व्यक्ति जो कोही पनि अपाङ्ग हुन सक्छ; अपाङ्गता हुनुका केही कारणहरु:**

| शिशु जन्मने क्रममा हुने कारणहरु | शिशु जन्मेपछिका कारणहरु | शिशु जन्मनु अघिका कारणहरु |
|---|---|---|
| • बच्चा जन्मने क्रममा सङ्क्रमण हुनु | • समय नपुगिकन बच्चा जन्माउनु | • गर्भवती आमाले पोषणयुक्त खाना खान नपाउनु |
| • व्यथा लाग्ने एवं पिडादायक हुनु | • बच्चा जन्मेको २ मिनेट भित्र सास नफेर्नु | • गर्भवती आमाले जथाभाभी औषधीको सेवन गर्नु |
| • बच्चा जन्मने क्रममा चोटपटकहरु लाग्नु | • कुपोषण र धेरै समयसम्म स्तनपान गर्न नपाउनु | • चोटपटक लाग्नु |
| • सुत्केरी व्यथा छोटो पार्न सुईको बढी प्रयोग गर्नु | • समयमै खोप नलगाउनु | • गर्भवती आमालाई दादुरा लाग्नु |
| • औजारहरुको प्रयोगबाट शिशु जन्मनु | • दर्घटनाहरु हुन जस्तै पोलाई,सडक दुर्घटना। | • १८ वर्ष मुनि र ३५ वर्ष माथि पहिलो पटक गर्भवती हनु। |
| • फोहोर ठाँउमा प्रशव गर्नु गराउनु | • जथाभावी औषधीको सेवन गर्नु | • गर्भवती आमाले बढी मात्रामा एक्सरे गर्नु |
| | • शल्य चिकित्साको गलत प्रयोग | • विषाक्त खाने कुराहरु सेवन गर्नु |
| | • युद्धको प्रभाव | • नजिकको नातेदारसंग विवाह गर्नु |
| | • वंशाणुगत एवं जन्मजात कारणहरु | • जन्मजात तथा वंशाणुगत कारणहरु |

### *हामीले दैनिक बोलचालमा प्रयोग गर्ने भाषा वा शब्दले अपाङ्गता भएका व्यक्तिको चित्त दुखेको त छैन !*

## अपाङ्गता भएका व्यक्तिहरुलाई सम्बोधन गर्दा प्रयोग गर्नुपर्ने मर्यादित/सही शब्दावली :

| क्र.स. | गलत (अमर्यादित शब्द) | | क्र.स. | सही (मर्यादित)शब्द | |
|---|---|---|---|---|---|
| १ | असामान्य विशेष क्षमता भएका र फरक क्षमता भएका | × | १ | अपाङ्गता भएका व्यक्ति | √ |
| २ | सामान्य स्वास्थ्य | × | २ | अपाङ्गता नभएका व्यक्ति | √ |
| ३ | लुलो, कुँजो, खोरेन्डो, बामपुड्के, डुँडो, बाउन्नवीर र खुडें | × | ३ | शारीरिक अपाङ्गता भएको व्यक्ति | √ |
| ४ | कानो र अन्धो | × | ४ | दृष्टिविहिन, न्यून दृष्टियुक्त | √ |
| ५ | बहिरो र वक्क लाटो | × | ५ | बहिरा व्यक्ति, सुस्त श्रवण | √ |
| ६ | लठेब्रो, गोज्याङग्रो र सुस्त मनस्थिति | × | ६ | बौद्धिक अपाङ्गता भएका व्यक्ति | √ |
| ७ | भकभके / हकला | × | ७ | स्वर बोलाई सम्बन्धि अपाङ्गता भएका व्यक्ति | √ |
| ८ | पगल, बौलाह | × | ८ | मनोसामाजिक अपाङ्गता भएका व्यक्ति | √ |
| ९ | लाटो अन्धो | × | ९ | श्रवण–दृष्टिविहिन | √ |
| १० | बुढा/बुढी | × | १० | जेष्ठ नागरिक | √ |
| ११ | विधवा | × | ११ | एकल महिला | √ |